# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## बागमती प्रदेश, नेपाल

प.सं.:२०८२/०८३
च.नं.: ०५

मितिः २०८२/०४/३०

## सामुदायिक मेलमिलापकर्ताको सुची अद्यावधिक गर्ने सम्बन्धी सुचना

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा १ र २ बमोजिमको विवादहरु न्यायिक समिति मार्फत निरुपण गर्ने कानुनी व्यबस्था रहेको छ । पञ्चकन्या गाँउपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७५ बमोजिम मेलमिलापकर्ता सुचि अद्यावधिक गर्ने व्यबस्था बमोजिम आ.व २०८२/०८३ को लागि यस गाँउपालिका अन्तर्गत मेलमिलापकर्ताको रुपमा कार्य गर्न इच्छुक मेलमिलापकर्ताहरुलाई सुचिकृत हुन यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा देहायका कागजात सहित तालिम प्राप्त मेलमिलापकर्ताहरुले सुचिकृत हुनको लागि निवेदन पेश गर्नुहुन अनुरोध छ, साथै सुचिकृत नभएका मेलमिलापकर्ताहरुलाई यस गाँउपालिकाको न्यायिक समिति अन्तर्गत हुने मेलमिलाप सम्बन्धी कुनै पनि कार्यमा सहभागि नगराईने व्यहोरा समेत जानकारी गराईन्छ ।

आवश्यक कागजातहरु

१. निवेदन

२. नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि १

३. शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि १

४. हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति

५. मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि

निवेदन पेश गर्ने स्थानः पञ्चकन्या गाँउपालिका कार्यालय लाकुरीभञ्ज्याङ, नुवाकोट

४।३०

हिराधन राई
प्रमुख प्रशासकीय अधिकृत

हिराधन राई
प्रमुख प्रशासकीय अधिकृत